**UNITED NATIONS**
**OFFICE OF THE HIGH COMMISSIONER**
**FOR HUMAN RIGHTS IN NEPAL**

प्रेस विज्ञप्ति

२४ अप्रिल २००६ (२०६२ वैशाख ११)

---

**प्रदर्शनकारीहरू हिंसामा नउत्रन र सुरक्षाबलद्वारा अधिक बल प्रयोग नगर्न नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयले पुनः आवह्न आग्रह गर्दछ ।**

सात दलको गठवन्धनले भोलि प्रमुख प्रदर्शन गर्ने घोषणाको पूर्व सन्ध्यामा नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयले प्रदर्शनकारीहरू हिंसामा नउत्रन र सुरक्षाफौजलाई बल र बन्दूक प्रयोग गर्दा अन्तर्राष्ट्रिय मापदन्ड र कानूनअनुरुप मात्र प्रयोग गर्न जोड दिएको छ ।

काठमाडौंलगायत नेपालका अन्य भागहरूमा प्रदर्शनको नेपालस्थित राष्ट्रसंघीय उच्चायुक्तको कार्यालयले अनुगमन गर्दै आएको आज १९औं दिन हो । यसको उपस्थितीमार्फत् यसले निरन्तर प्रदर्शनकारीहरू र सुरक्षाफौजलाई संयमता अपनाउन आग्रह गर्दै आएको छ । विभिन्न तप्का व्यक्तिहरू सहभागी अधिकांश प्रदर्शनकारीहरू अहिंसात्मक देखिएका छन् भने केही अवस्थाहरूमा सुरक्षाफौजले पर्याप्त संयम अपनाएको देखिएको छ । तथापि, राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयले अधिक बल प्रयोग गरेको पनि देखेको छ र यस्तो संख्या बढोत्तरीप्रति कार्यालयले गहिरो चिन्ता व्यक्त गर्दछ, जहाँ सुरक्षाफौजले रबरका गोली र जीवित गोली (Live ammunition) प्रहार गरेका छन् । २० अप्रिलमा काठमाडौंमा ४ जना मारिएका भनी पुष्टि भएकालगायत कुन र के कस्तो परिस्थतीमा प्रत्येक मृत्युका बारे राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयले अनुसन्धान गरिरहेको छ । प्रदर्शनकारीहरूको टाउकामा लक्षित गरी गरिने नेपाल प्रहरी र सशस्त्र प्रहरीद्वारा गरिने लाठी प्रहारको पनि उच्चायुक्तको कार्यालयले चिन्ता व्यक्त गर्दछ ।

उच्चायुक्तको कार्यालय, प्रदर्शनीका आयोजक र यसका सहभागीहरूलाई र शान्त रहन आग्रह गर्दछ र सार्वजनिक सम्पक्ति ध्वंस नगर्न, इटा, ढुंगा र यस्ता अन्य प्रहारयोग्य वस्तुको प्रयोग नगर्न आग्रह गर्दछ । प्रदर्शनीमा घुसपैठ गरेका अथवा सरकारी निकायसँग सम्वद्ध भएको ठानिएका व्यक्तिहरूलाई आक्रमण नगर्न विशेषतः यस कार्यालयले सहभागीहरूलाई आग्रह गर्दछ । प्रदर्शनमा बालबालिका र किशोरकिशोरीहरूका सहभागिताबारे युनिसेफ र बाल बचाउ सम्वद्ध संघ-संस्थाहरूका चासो र चिन्तामा यस कार्यालयले सहमति जनाउछ,

*थप जानकारीका लागि सार्वजनिक जानकारी तथा बाह्य सम्पर्क इकाइ प्रमुख किरण ड्वयरलाई सम्पर्क गर्नुहोला ।*
*फोन: ४२८० १६४ (एक्सटेन्सन ३२१); मोवाइल: ९८५१०१४२६३; फ्याक्स: ४६७ ०७१२*
*इमेल:* ***kdwyer@ohchr.org***

जहाँ उनीहरू घाइते हुन सक्छन्, त्यसैले, उनीहरूका अभिभावक, आयोजक र अन्यलाई यस्तो काम रोक्न आग्रह गर्दछ । संयुक्त राष्ट्रसंघीय जनसंख्या कोषले झैं उच्चायुक्तको कार्यालय, पुरुष सुरक्षाफौजद्वारा महिला प्रदर्शनकारीहरूप्रति अक्सर गरिने दुर्व्यहारबारे चिन्ता व्यक्त गर्दछ ।

उच्चायुक्तको कार्यालयले कानुन पालना गराउन शाही नेपाली सेना तथा नेपाल प्रहरी र सशस्त्र प्रहरीबलले अपनाउनुपर्ने मापदण्डहरूप्रति ध्यानाकर्षण गराएको छ । कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले आफ्नो कर्तव्य पुरा गर्ने क्रममा बल र बन्दुकको प्रयोग गर्नुभन्दा पहिले सकेसम्म गैरहिंसात्मक साधनहरूको प्रयोग गर्नुपर्दछ भन्ने यी मापदण्डहरूका उल्लेख गरिएको छ । जब बल र बन्दुकको वैधानिक प्रयोग टार्न नसकिने हुन्छ, कानुन पालना गराउने अधिकारीहरूले संयम अपाउनुका साथै क्षतिलाई न्यून गरी मानव जीवनको सम्मान र संरक्षण गर्नुपर्दछ । बन्दुकको प्रयोग नगर्न हरसम्भव प्रयास हुनुपर्दछ । सामान्यतया, सन्दिग्ध कसुरवालाले सशस्त्र प्रतिरोध गरेको वा अन्य कुनै किसिमले अरूको जीवन खतरामा पारेको अवस्थामा बाहेक बन्दुकको प्रयोग गर्नुहुँदैन ।

आफ्नो कमाण्डअन्तर्गतका कानुन कार्यान्वयन गराउने अधिकारीहरूले बल र बन्दुकको अवैधानिक प्रयोग गरेको वा गरिरहेको थाहा भए पनि यस्तो प्रयोगलाई रोक्न, दबाउन वा रिपोर्ट गर्न आफ्नो अधिकारअन्तर्गतका उपायहरू अवलम्बन नगरेमा वरिष्ठ अधिकारीहरूलाई जिम्मेवार ठहऱ्याउनुपर्दछ । उच्चायुक्त लुइस आर्वरले घातक बलको जथाभावी प्रयोग गरेमा उनीहरूविरूद्ध अभियोग गर्नेलगायत जिम्मेवार ठहऱ्याउनका लागि सशक्त रूपले पैरवी गर्ने कुरा बताउनुभएको छ ।

कुनै पनि घाइते व्यक्तिलाई तुरुन्त औषधोपचार र सहायता उपलब्ध गराउने कार्य सुनिश्चित गर्ने कानुन पालना गराउने अधिकारीहरू नै जवाफदेही हुन्छन् । कर्फ्यु पासलगायत उपलब्ध गराएर स्वास्थ्य तथा सहायताकर्मीहरूलाई विना बाधा अवरोध आफ्नो काम गर्न दिनका लागि उच्चायोग अधिकारीहरूलाई आह्वान गर्दछ । त्यस्तै, मानवअधिकारसम्बन्धी सङ्घसंस्थाहरूलाई विना व्यवधान आफ्नो काम सञ्चालन गर्न पाउने कुराको पनि सुनिश्चतता गरिनुपर्दछ ।

देशभर थुनुवा केन्द्रहरूमा सार्वजनिक सुरक्षा ऐनअन्तर्गत अझैसम्म थुनामा रहेका सयौं राजनीतिक तथा नागरिक समाजका सदस्य तथा प्रदर्शनकारीहरूलाई तुरुन्त रिहाइ गर्न पनि उच्चायुक्तको कार्यालयले जोड दिएको छ :

नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयका प्रतिनिधि इयान मार्टिनले भन्नुभएको छ :

"ठूल्ठूला प्रदर्शनहरू भएको बेलामा नै बन्दुकको प्रयोगमा बन्देज र न्यूनतम आवश्यक बलको प्रयोग गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरूको पालना हुनुपर्ने कुरामा सुरक्षाफौजलाई जोड दिन चाहन्छु । यी प्रदर्शनहरूको व्यवस्थापन गर्न, क्षति हुनबाट रोक्न र मानव जीवनको संरक्षण तथा सम्मान गर्न म सुरक्षाफौजका सेनापति तथा सबै

सदस्यलाई आफ्ना कानुनी दायित्वहरू पुरा गर्न अनुरोध गर्दछु । प्रदर्शनकारीहरूले पनि व्यक्तिको जीवन र सुरक्षाको अधिकारलगायत अरूको अधिकारको सम्मान गर्न हरसम्भव प्रयास गर्न प्रदर्शनका आयोजक तथा सहभागीहरूलाई आग्रह गर्दछु ।”

*थप जानकारीका लागि सार्वजनिक जानकारी तथा बाह्य सम्पर्क इकाइ प्रमुख किरण ड्वयरलाई सम्पर्क गर्नुहोला ।*
*फोन: ४२८० १६४ (एक्सटेन्सन ३२१); मोवाइल: ९८५१०१४२६३; फ्याक्स: ४६७ ०७१२*
*इमेल:* ***kdwyer@ohchr.org***